बाल संरक्षण नीति, २०७६

खाँडाचक्र नगरपालिका, कालिकोट
कर्णाली प्रदेश, नेपाल

बाल संरक्षण नीति-२०७६

१. पृष्ठभूमि :

बालबालिका भनेका आज अर्काको सहारामा बाँच्नु पर्ने अपरिपक्व व्यक्ति र भविष्यका संरक्षक वा नीति निर्माता हुन् । धर्तीमा पाईला टेक्ने बित्तिकै बालकलाई संरक्षणको आवश्यकता पर्दछ । उनीहरु आफ्नो हित, अहितका वारेमा सोच्न सक्दैनन् । यसैको नाजायज फाइदा लिई बालबालिका प्रति धेरै प्रकारका दुर्व्यवहारहरु हुन सक्दछन् । त्यसैले उनीहरुलाई असल अभिभावक तथा संरक्षकको आवश्यकता पर्दछ । बालबालिकालाई जन्मनु अघि र जन्मेपछि उचित स्याहार, पालनपोषण, शिक्षा, दिक्षा तथा हक अधिकारको संरक्षण गरी देशको योग्य नेतृत्व दिने नागरिक बनाउनु सम्बन्धित सवैको दायित्व तथा जिम्मेवारी हो । हामीले हरेक बालबालिकाको सवाललाई सम्बोधन हुने गरि नीति, योजना, कार्यक्रम र कार्य गर्न सकेको खण्डमा मात्र आमाले असल सन्तान प्राप्त गर्न सक्नेछन् र देशले असल नागरिक प्राप्त गर्न सक्छनेछ ।

नेपालले सन १९९०, सेप्टेम्बर १४ तारेखको दिन संयुक्त राष्ट्रसंघले बालअधिकार सम्बन्धि महासन्धि १९८९ लाई अनुमोदन गरि बालबालिकाको संरक्षण, बाल बचाउ, बाल विकास र बाल सहभागीताका क्षेत्रका काम गर्ने प्रतिवद्धता जाहेर गरेको छ । साथै बालश्रम उन्मुलन सम्बन्धि आइ.एल.ओ. महासन्धि १९९९ लगायतका सन्धिहरु समेत नेपालले अनुमोदन गरि सकेको छ । बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लिल चित्रण विरुद्धका कार्य निषेध गर्ने उद्देश्य अनुसार बनेका - बालअधिकार महासन्धिको स्वेच्छिक प्रोटोकल २००० र सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग तथा संलग्नताका विरुद्ध बनेको सोही मितिको अर्को प्राटोकल समेत अनुमोदन गरिनु र देशको मुल कानूनमा नै बालबालिका सम्बन्धि हक सुरक्षित गरिनुबाट बालबालिकाको समग्र हितसंरक्षणमा राज्यको अग्रसरता सकारात्मक रहेको मान्नु पर्दछ ।

नेपालको संविधान, २०७२ धारा ३९ ले बालबालिकाको हकलाई मौलिक हकको रुपमा स्वीकार गर्दै उनीहरुका विभिन्न हकहरुको उल्लेख गरेको छ । वर्तमान नेपालको संघीय संविधानले प्रदान गरेको अधिकारलाई प्रयोग गर्दै बाल अधिकारलाई थप व्यवस्थित गर्न बालबालिका सम्बन्धी ऐन २०७५ जारी भएको छ ।

बालबालिकाको सुरक्षा, विकास र सहभागिता अभिवृद्धि गर्दै बालअधिकारको सम्मान, संरक्षण प्रवर्द्धन र परिपूर्ति एवं बालमैत्री नगरपालिका निमार्ण गरी बालबालिकाकाको सर्वोत्तम हित कायम गर्न बालअधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धि, नेपालको संविधान, प्रचलित बालबालिका सम्बन्धी विद्यमान कानुनहरु तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले परिकल्पना गरेको विषयहरुलाई कार्यान्वयन गर्न वाञ्छनिय भएकोले खाँडाचक्र नगरपालिकाले बालबालिका सम्वन्धी ऐन २०७५ को दफा ७ को उपदफा (१०) र स्थानीय सरकार संचालन ऐनको दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बाल संरक्षण नीति २०७६ पारित गरिएको छ ।

२. हालको अवस्था :

नेपाल सरकारले बालबालिका सम्बन्धि थालिएका हरेक कार्यहरुले आशातित उपलब्धि हासिल गर्न नसके पनि राज्यले बालबालिका सम्बन्धी विभिन्न कानूनको निर्माण गरि बालबालिकाका हकहित सुरक्षित गरेको छ । साथै संघीय, प्रादेशिक र स्थानीय तहसम्म बालबालिका सम्बन्धि काम गर्ने संयन्त्र निमार्ण गर्नको लागि कानुनी व्यवस्था गरेको छ । बालबालिका सम्बन्धि ऐन २०७४ ले बाल अधिकार प्रर्वद्धन तथा बाल संरक्षण गर्न स्थानीय सरकारलाई दायित्व सृजना गरेको छ ।

राष्ट्रिय जनगणना २०६८ अनुसार खाँडाचक्र नगरपालिकाको कुल जनसंख्या २० हजार २ सय ८८ छ भने बालबालिकाको संख्या १० हजार ९ सय ४५ अर्थात (५४ प्रतिशत) अंश बालबालिकाले ओगटेको छ । कुल जनसंख्याको यति ठुलो अंश आगटेको बालबालिकाको क्षेत्रमा विभिन्न समस्या तथा चुनौतिहरु रहेका छन् । बालबालिकाको न्यूनतम् अधारभूत अधिकारलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय सन्धी, ऐन कानुनले प्राथमिकताका साथ उठाएता पनि हाम्रो नगरपालिकामा अझै कतिपय बालबालिकाका आधारभूत शिक्षाको पहुँचबाट बाहिर छन् । संचालित बाल विकास केन्द्रहरु मापदण्ड अनुसार संचालित छैनन् र केन्द्रमा बालबालिका टिकाउन कठिन छ । कठिन भौगोलिकताको कारण बालबालिकाको खेलकुदमा पहुँच पुऱ्याउन जटिल समस्या छ ।

बालबालिकालाई प्रयोग गरिने भाषा सम्मानजनक छैन, विद्यालयमा पुरस्कार हौसला भन्दा दण्ड दिने प्रवृत्ति रहेको छ, बालमैत्री शिक्षण पद्धतिको प्रयोग छैन । अहिले पनि समुदायमा सुत्केरी अवस्थामा दुध दही खाना नपाउने जस्ता कारणले आमा तथा बच्चाको पोषणको अवस्था कमजोर रहेको, स्थानीय स्तरमा पोषणयुक्त खानेकुराको उपलब्धता भएता पनि त्यसको प्रयोग गर्ने ज्ञान सिपको अभाव रहेको छ । धामी झाँक्रिहरु प्रतिको विश्वासले गर्दा अन्तिम अवस्थामा मात्र स्वास्थ्य चौकिमा आउने गर्नाले कतिपयले मृत्युवरण गर्नु परेको यथार्थ हाम्रो सामु छ । यसका साथै महिनावारीको समयमा बालिका तथा महिला माथि हुने विभेदको अवस्था अत्यन्त भयावह छ । जसले गर्दा विद्यालय जाने किशोरीहरुको अध्ययन र सिकाईमा नकारात्मक प्रभाव पारेको देखिन्छ ।

नगरपालिकामा पछाडी परेका वर्ग र समुदायका बालबालिकाको अवस्था झनैं कहाली लाग्दो देखिन्छ । उनीहरुका बालबालिकालाई गुणस्तरिय शिक्षा, पालन पोषण गरिदिने प्रलोभनमा काठमाण्डौ लगाएत देशका विभिन्न स्थानमा लैजाने प्रचलन बढ्दो छ । कुपोषण, गरिवी, भोकमारी समस्याबाट ग्रस्त बन्दै विभिन्न रोगको सिकार बनि रहेको वर्तमान अवस्था छ । परिवार, विद्यालय तथा सार्वजनीक स्थानहरुमा बालबालिकासंग गर्ने व्यवहार सम्बन्धमा आचारसंहिता छैन । अभिभावक, शिक्षक तथा सरोकारवालाहरु बाल संरक्षणको सवालमा संवेदनशिल भएको पाइदैन । बालमैत्री संरचना, बालमैत्री सोच र व्यवहार नभएको हुँदा खाँडाचक्र नगरपालिमा बाल संरक्षणका विविध मुद्दाहरु देखिएका छन् । यस नगरपालिका शहरीकरण उन्मुख भएको र जिल्ला सदरमुकममा पर्यटन व्यवसाय प्रर्वद्धनको प्रभावले बालश्रमिकको प्रयोग बढेको पाइन्छ । घर परिवारमा नै बालबालिकालाई जोखिमपूर्ण कामहरु गर्न लगाउने गरिन्छ । बालबालिकालाई धुम्रपान तथा मध्यपान लिन पसलमा पठाउने गर्नाले उनीहरु कम उमेरमै लागु पदार्थको जोखिममा पर्ने अवस्था छ । पारिवारिक बिखण्डन, गरिवी लगायत विविध कारणले अनाथ असहाय, अपाङ्ग र सहारा विहिन भएका बालबालिकाको संख्या बढ्दो क्रममा देखिन्छ । समुदाय भित्र हिंसा, दुर्व्यवहार र शोषणमा परेका बालबालिका समेत उत्तिकै बढी रहेका छन् ।

३. विगतको प्रयास

मुलुक संघीय संरचनामा प्रवेश गरी सके पछि पहिलो पटक नयाँ संरचना अनुसार स्थानीय सरकारको गठन भएको छ । स्थानीय सरकार संचालन ऐन २०७४ कार्यान्वयनमा आएको छ । विगतको स्थानीय निकाय आज स्थानीय तहमा रुपान्तरण भएको छ । नयाँ संरचनामा आईसके पश्चात स्थानीय सरकारले आफ्नो नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन गरिसकेको छ । जसमा बालबालिकाको लागि केहि बजेटको ब्यवस्था गरिएको भएता पनि स्पष्ट नीतिको अभावमा प्रतिफल देखिने गरी खासै काम हुन सकेको छैन । विगतमा स्थानीय निकायहरुले बालबालिकाका लागि १५ प्रतिशत बजेट बिनियोजन गर्ने प्रावधान रहेको थियो । कर्णालीका ५ वर्ष मुनिका सम्पूर्ण बालबालिकाहरुको पोषणका लागि सरकारले पोषण भत्ता दिने गरेको छ । खाँडाचक्र नगरपालिकाका नगरवासीको सचेतना वृद्धि तथा क्षमता विकासको लागि सरकारी तथा गैरसरकारी निकायहरुको समन्वयमा विभिन्न कार्यक्रम संचालन गर्दै आएका छन् ।

स्थानीय तहको प्रत्येक वडामा बाल अधिकार समिति गठन गरी बाल संरक्षण कार्यलाई निरन्तरता दिएको छ । हिंसा प्रभावित महिला तथा बालबालिकाहरुको लागि न्यायिक समिति क्रियाशिल रहेको छ । वडा र विद्यालय स्तरमा बाल क्लब गठन तथा परिचालन, बालबालिकाको क्षमता विकास जस्ता गतिविधीहरु संचालनमा छन् ।

विगतमा बाल संरक्षणको क्षेत्रमा गरिएका प्रयासहरुलाई संस्थागत गर्दै स्थानीय तहमा बाल संरक्षण संयन्त्रको स्थापना गर्न, बाल संरक्षण प्रणाली सुदृढीकरण गर्न, बाल संरक्षणका सवालहरु संम्बोधन गर्न, बालमैत्री वातावरण तयार गर्न, बालबालिकामा हुने जोखिमलाई न्यूनीकरण गरी सुरक्षित वातावरण तयार गर्न, बालबालिका क्षेत्रमा लगानीको योजना सुनिश्चित गर्नको लागि स्पष्ट नीतिको अभाव रहेको कारण यो बाल संरक्षण नीति तर्जुमा गरिएको छ ।

४. बालबालिका सम्बन्धी विद्यमान राष्ट्रिय ऐन कानूनहरु

नेपालको संविधान २०७२ ले बालबालिकाको लागि मौलिक हकको व्यवस्था गरेको छ । संविधानको धारा ३९ मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने, कुनै पनि बालबालिकालाई सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि दुर्व्यवहार (शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको), शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाईने, कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन नपाइने कुरा स्पष्ट उल्लेख गरेको छ । साथै असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित,

विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ भनी संविधानमा स्पष्ट उल्लेख भए बमोजिम बालबालिकाको संरक्षण गर्नु हरेक व्यक्ति, परिवार, समाज र राज्यको जिम्मेवारी तथा दायित्व हुनेछ । त्यसैगरी बालबालिका सम्बन्धी ऐन, २०७५, बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ ले समेत बालबालिकाको संरक्षणका लागि नीतिगत मार्गहरु प्रसस्त गरेको छ । संघीय संरचनामा बालसंरक्षण कार्यलाई प्रभावकारी बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई जिम्मेवार बनाएको छ, जसका आधारमा स्थानीय सरकारले स्थानीय आवश्यकताको आधारमा बालअधिकारको संम्वर्द्धन तथा प्रवर्द्धनका लागि बालसंरक्षण नीति तर्जुमा गरी कार्यान्वयन गर्न सक्ने स्पष्ट व्यवस्था छ ।

५. विद्यमान समस्या तथा चुनौती :

बाल संरक्षणको विषयलाई प्राथमिकता नदिनु, बालबालिका सम्बन्धी क्षेत्रमा काम गर्ने निकायहरु वीच उचित समन्वयको कमि, बालबालिका क्षेत्रमा लगानी योजना छैन । श्रोत साधनको उचित व्यवस्थापन नहुनु, भौगोलिक विकटताले बालबालिका सम्बन्धी सेवा, सुविधा वितरण तथा कार्यक्रम संचालनमा कठिनाई, बालबालिका सम्बन्धी विद्यमान कानुनको प्रभावकारी कार्यान्वयनमा नहुनु, नयाँ संरचना बमोजिमको स्थानीय तहको बालबालिका सम्बन्धी संरचना निमार्ण हुन नसक्नु, बाल संरक्षण प्रति संवेदनशिल तथा उत्तरदायित्व र स्वामित्व ग्रहण नगर्नुले बाल संरक्षण क्षेत्रमा अन्य समस्याहरु सृजना गदै आएको छ ।

गरिवी, अशिक्षा, चेतनाको अभाव, सामाजिक, धार्मिक, सांस्कृतिक र रुढीवादी परम्परागत संस्कार, राजनीति प्रतिवद्धताको कार्यान्वयन नहुनु, बालमैत्री पूर्वाधार नहुनु, भेदभाव र असमानता, पारिवारीक विग्रह, अनाथ तथा असहाय बालबालिकाको दिर्घकालिन व्यवस्थापनमा कठिनाई आदी खाँडाचक्र नगरपालिकाको समस्या तथा चुनौतिहरु रहेका छन् ।

६. सवल पक्ष तथा अवसरहरु

खाँडाचक्र नगरपालिकाको बाल संरक्षण नीति कार्यान्वयनका लागि प्रसस्त सवल पक्ष र अवसरहरु रहेका छन् । बालबालिकाको सम्बन्धमा संविधान र ऐनमा प्रयाप्त व्यवस्था हुनु, बजेट व्यवस्थापनको लागि प्रसस्त आधारहरु हुनु, (प्रदेश सरकार, संघसंस्था, स्थानीय सरोकारवाला), बामैत्रीनगरको संभावना भएकोले पर्यटक भित्राउन सकिने, बाल अधिकार प्रति प्रतिवद्ध जनप्रतिनिधी हुनु, बालअधिकारका लागि बालक्लव तथा संजाल सक्रिय हुनु, नगरपालिका स्तरमा विषयगत शाखाको व्यवस्था हुनु (महिला तथा बालबालिका, शिक्षा, स्वास्थ्य), बाल अधिकार संरक्षणको लागि सरकारी, गैरसरकारी एवं विकास साझेदार संस्था क्रियाशिल हुनु, सूचना, संचार र सचेतनाको लागि संचार माध्यमको भूमिका, समुदायमा आधारीत बाल संरक्षण प्रणालीको विकास भएको, नगर बाल अधिकार समिति र वडा बाल अधिकार समिति भएको हुदा खाँडाचक्र नगरपालिकाको बाल संरक्षण नीति कार्यान्वयन प्रभावकारी हुने देखिन्छ ।

७. बाल संरक्षण नीतिको औचित्य

क) नेपालले गरेका अन्तराष्ट्रिय प्रतिवद्धता पुरा गर्न

ख) नेपाल सरकारले जारी गरेका ऐन कानुन कार्यान्वयन गर्न

ग) बाल संरक्षणका सवालहरु सम्बोधन गर्न ।

घ) बालबालिकाको लागि लगानी योजना निमार्ण गर्न ।

ङ) बालबालिकाको अवस्थामा परिर्वतन ल्याउन ।

च) बालबालिकाको सर्वोत्तम हित कायम गर्न ।

७. परिकल्पना

"बालमैत्री नगर खाँडाचक्रको आधारः समृद्धी सहितको बाल अधिकार सवैको सरोकार"

८. लक्ष्य

बालबालिका विरुद्ध हुने सवै खाले हिंसा, दुर्व्यवहार, शोषण (श्रम,यौन), भेदभाव र ओसारपसार बाल विवाह वेवास्ता (कुपोषण) अन्त्य गरी बालमैत्री नगर निर्माण गर्ने ।

९. उदेश्य

क) बालबालिका माथि हुने सबै प्रकारका हिंसा, भेदभाव, दुर्व्यवहार, शोषण, वेचविखन, ओसारपसार एवं बाल विवाह जस्ता बालबालिका विरुद्ध हुने सबै प्रकारका हानीबाट संरक्षण गर्ने ।

ख) सवै प्रकारका शोषण, हिंसा, दुर्व्यवहार, भेदभाव, ओसार-पसार बालविवाह आदि जोखिमको अवस्थामा रहेका बालबालिकाको अधिकार सुनिश्चित गर्न उद्धार, पुर्नस्थापना, स्वास्थ्य उपचार, कानुनी सहायता, मनोविमर्श सेवा प्रदान गरी सहयोग गर्ने ।

ग) बाल अधिकार सुनिश्चितताको लागि नगरपालिकामा बाल संरक्षण संयन्त्रको निर्माण, क्षमता विकास गर्ने ।

घ) बालमैत्री स्थानीय शासन स्थापना, बालमैत्री व्यवहार र आचारसंहिताको लागु र बालमैत्री संरचना निर्माणमा जोड दिने ।

ङ) बाल अधिकारको संरक्षण र प्रर्वद्धनको लागि परिवार, समुदाय, बालबालिकाको क्षेत्रमा कार्यरत संघ-संस्था तथा निकायसंग सहकार्य तथा समन्वय गर्ने ।

१०. बाल संरक्षण सम्बन्धी सवालका क्षेत्रगत नीतिहरु :

क). बाल विवाह अन्त्य गर्ने सम्वन्धी नीति

१. बालविवाह रोक्न सरकारी, गैरसरकारी र विकास साझेदार संस्थाहरुको समन्वय र सहकार्यमा चेतनामूलक र अभियान कार्यक्रमहरु संचालन गरिनेछ ।

२. बाल विवाह न्यूनिकरणको अभियान संचालनमा संचार माध्यम, बालक्लव, युवाक्लव, किशोर-किशोरी, अभिभावक, शिक्षक आदीको क्षमता विकास गरी परिचालन गरिने छ ।

३. बालविवाह भएको वा हुन लागेको गोप्य रुपमा सूचना दिने संयन्त्रको विकास गरि सूचना दिने व्यक्ति तथा संस्थालाई गोप्य रुपमा पुरस्कृत गर्ने ।

४. बालविवाहलाई सामाजिक रुपमा वहिस्कार गर्न समुदाय स्तरका बाल संरक्षण संयन्त्रलाई जिम्मेवार बनाइनेछ ।

५. बालविवाह भैहालेमा उजुरी गर्ने र कारवाही गर्ने विश्वसनीय वातावरण तयार गरिनेछ ।

६. किशोर-किशोरीको लागि आयआर्जन तथा जीवन उपयोगि शिप विकास गरिनेछ ।

७. बालविवाह मुक्त वडा घोषणा कार्यक्रम संचालन गरि नगरपालिकालाई बालविवाह मुक्त घोषणा गर्न सामुहिक प्रयासहरुलाई एकिकृत गरिनेछ ।

ख). बालश्रम अन्त्य सम्बन्धी नीति

१ बालश्रम, बाधा श्रम र बाध्यकारी श्रम उन्मुलनका लागि सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

२. बालश्रम प्रयोग गर्ने कार्यलाई निरुत्साहीत गर्न होटल, सार्वजनिक निमार्ण, घरेलु काम, पर्यटन लगायतका क्षेत्रमा बालश्रमको नियमित अनुगमन गरि अती जोखिममा परेका बालश्रमिकहरुको उद्धार र पुर्नस्थापना गरिनेछ ।

३. बालश्रम गर्नु पर्ने कारणहरु पहिचान गरी समस्या समाधानका लागि आवश्यक गतिविधिहरु संचालन गरिनेछ ।

४. बालश्रमको स्थानीय मापदण्ड बनाइ बालश्रम मुक्त वडा घोषणा गर्दै नगरपालिकालाई बालश्रम मुक्त घोषणा गरिनेछ ।

ग) अनाथ, असहाय तथा जोखिममा रहेका बालबालिकाको लागि विशेष संरक्षण सम्बन्धी नीति

१. अनाथ, असहाय, विस्थापित एवम् जोखिममा रहेका बालबालिकाहरुको तथ्यांक संकलन र अध्यावधिक गरिने छ ।

२. बाबु आमाको पहिचान नभएका, बेवारिसे, अनाथ, असहाय तथा जोखिममा रहेका बालबालिकाहरुको खोजी, पहिचान, तत्काल राहत, उद्धार र पुर्नस्थापनाका कार्यक्रमहरु संचालन गरिनेछ ।

३. बालबालिकाको आफ्नै बाबुआमा वा नातेदारबाट हेरचाह गर्ने कार्य प्रर्वद्धन गर्न पारिवारीक सहयोग वृत (स्पोन्सरसिप), फोस्टर केयर, व्यवसायिक तालिम, जीविकोपार्जन, पालनपोषण भत्ता जस्ता क्रियाकलाप संचालन गरिनेछ ।

४. मापदण्ड अनुसार बालगृह संचालनका लागि नियमित अनुगमन तथा नियमन गर्ने, बालगृहको क्षमता विकास गर्ने र गुणस्तरीय सेवाको लागि आवश्यक सहयोग गरिनेछ ।

५. अभिभावकीय शिक्षा, शिप विकास, आयआर्जन कार्यक्रम, छात्रवृत्ति, मनोविमर्श सेवा प्रदान गर्ने कार्यक्रम संचालन गरिनेछ ।

६. जोखिममा रहेका बालबालिकाहरलाई आवश्यक सहयोग तथा तत्काल सम्बोधनका लागि बाल संरक्षण स्वयं सेवक तयार गरी परिचालन गरिने छ ।

घ) अपाङ्गता भएका बालबालिकाहरुको संरक्षण सम्वन्धी नीति

१. अपाङ्गता भएका बालबालिकाको अभिलेख दुरुस्त राख्ने व्यवस्था गरिने छ ।

२. अपाङ्गगता भएका बालबालिकाका लागि सहायता सामाग्री वितरण, आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने, समाहित शिक्षामा पहुँच वृद्धि गर्ने तथा विशेष शिक्षाको प्रबन्ध गर्ने गरिनेछ

३. सार्वजनिक तथा नीजि भौतिक पूर्वाधारमा अपाङ्गता भएका बालबालिकाको सहज पहुंच बढाउन अपाङ्गता मैत्री बनाइनेछ ।

४. अपाङ्गगता भएका बालबालिकाको लागि दिवा स्याहार केन्द्र संचालन, मानसिक संन्तुलन गुमाएका परिवारबाट विछोडिएका वा संरक्षण हुन नसकेका बालबालिकाको लागि पुर्नस्थापना केन्द्र संचालनको व्यवस्था गरिनेछ ।

५. अपाङ्गगता भएका बालबालिकाको क्षमता विकास गर्ने, सहज जीवन निर्वाहको लागि सिपमूलक र स्वरोजगारका कार्यक्रम संचालन गरिनेछ ।

ङ). बालबालिकाहरुलाई बाल दुर्व्यवहारबाट संरक्षण सम्वन्धी नीति

१. बालबालिका माथि हुने घरेलु हिंसा, यौन हिंसा, यौन दुर्व्यवहार र शोषणका कार्यहरुलाई निरुत्साहित गर्न जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

२. बालबालिकालाई सबै प्रकारका हानीबाट जोगाउन घर, समुदाय र विद्यालयमा सुरक्षित तथा भयरहित वातावरण सृजना गरिनेछ ।

३. हिंसा, दुर्व्यवहार र शोषणमा परेका बालबालिकाहरुलाई न्यायको प्रत्याभुति गराउन निःशुल्क कानुनी सेवा, मनोविमर्श सेवा, सुरक्षित घर (सेफ हाउस) संचालन, साथै अन्य संरक्षणका कार्यक्रमको व्यवस्था गरिनेछ ।

४. हिंसा पीडित बालबालिकाको लागि शिक्षा, सम्मान सहित पुर्नस्थापनाको कार्यक्रम संचालन गरिनेछ ।

५. बालबालिका माथि हुने सबै प्रकारका हिंसा, भेदभाव र दुर्व्यवहार अन्त्यको लागि नगरपालिका स्तरका सबै सार्वजनिक निकायहरुमा बाल संरक्षण सम्बन्धी आचार संहिता बनाई कार्यान्वयन गरिनेछ ।

च) पम्परागत हानिकारक संस्कार (लैङ्गिक विभेद, जातिय विभेद, छाउपडी आदि) न्यूनीकरण सम्वन्धी नीति

१. परम्परागत हानिकारक संस्कारको न्यूनिकरणको लागि सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

२. भ्रुणको पहिचान र भ्रुणहत्या गर्नेलाई कानुनी कारवाहीको लागि पहल गरिनेछ ।

३. लैङ्गिक विभेद, जातिय विभेद, छाउपडी तथा अन्य हानिकारक संस्कार निरुत्साहित गर्न विशेष अभियान संचालन गर्नुका साथै दण्ड दिने कार्यलाई बढवा दिइनेछ ।

४. छात्रामैत्री शौचालय निमार्ण गर्नुको साथै सेनिटर प्याड निमार्ण र व्यवस्थापन सिप प्रदान गरिनेछ ।

५. घरमा सुत्केरी गराउने हानिकारक संस्कारको अन्त्य गर्न महिला स्वास्थ्य स्वयमसेविका, आमा समूह परिचालन गरिनेछ ।

६. जातिय भेदभाव, छाउपडि मुक्त वडा घोषणा गर्दै छाउपडि मुक्त नगरपालिका घोषणा गर्ने कार्यक्रम संचालन गरिनेछ ।

छ) वेचविखन तथा ओसारपसारमा रहेका बालबालिका सम्वन्धी नीति

१. बालबालिकाहरुलाई कुनै पनि प्रयोजनका लागि बेचविखन तथा ओसारपसार गर्ने कार्यलाई रोक्न चेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

२. वेचविखन तथा ओसारपसार भएका बालबालिकाहरुको खोजी तथा उद्धार गरि सम्मानपूर्वक परिवारमा पुर्नस्थापनाको कार्यक्रम गरिने छ ।

३. वेचविखन तथा ओसारपसारमा संलग्न पक्षलाई कानुन बमोजिम कारवाही गरिनेछ ।

ज) शारीरिक र मानसिक दण्ड सजायमा परेका बालबालिकाहरु सम्वन्धी नीति

१. घर, विद्यालय वा अन्य कुनैपनि स्थानमा बालबालिका माथि हुने शारीरिक तथा मानसिक दण्ड सजाय तथा यातनालाई निरुत्साहित गर्न बाल संरक्षण संयन्त्रको निमार्ण र प्रयोग गरिनेछ ।

२. विद्यालयमा सम्मानित भाषाको प्रयोग, बालमैत्री वातावरण सृजना, भयरहित शिक्षण पद्धति लागु गर्न प्रोत्साहन गरिनेछ ।

३. विद्यालयमा बाल क्लब, बालिका समुह, गुनासो सुनुवाई संयन्त्रको विकास गरिनेछ ।

४. शारिरीक तथा मानसिक दण्ड सजायलाई निरुत्साहित गर्न कानुनी कारवाहीलाई प्रभावकारी बनाइनेछ ।

झ) खाद्य सुरक्षा र कुपोषण अन्त्य गर्ने नीति

१. घर तथा विद्यालयमा जंकफुड प्रयोग न्यूनिकरण गर्न जनचेतना अभिवृद्धि गरिनेछ ।

२. अर्गानिक खेति गर्नको लागि किसानहरुलाई प्रोत्साहन गरिनेछ ।

३. घरेलु खाना तथा खाजा निमार्णका लागि आमा समुह र महिला स्वास्थ्य स्वयंसेविकालाई सिप विकास तालिम प्रदान गरिनेछ ।

ञ) बालमैत्री पूर्वाधार सम्वन्धी नीति

१. वडाहरुमा निर्माण गरिने भौतिक संरचना बालमैत्री वनाउने कार्यलाई जोड दिईनेछ ।

२. बालमैत्री संरचना वारे उपभोक्त समिति, प्राविधिक लगायत सरोकारवाला निकायलाई अभिमुखिकरण गरिनेछ ।

३. नगरमा बालमैत्री भवन निर्माण आचारसंहिता वनाई कार्यान्वयनमा ल्याईनेछ ।

४. विद्यालयमा निर्माण हुने पूर्वाधारहरुमा बालमैत्री भएको सुनिश्चित गरिनेछ ।

ट) **अन्य नीति**

१. सम्पूर्ण सरकारी तथा गैरसरकारी निकायमा बाल संरक्षण सम्बन्धी आचारसंहिता बनाई लागु गरिनेछ ।

२. बाल अधिकार समितिको स्थायित्व र बाल संरक्षण संयन्त्र विकासको लागि नियमित बजेट वियोजन गरिनेछ ।

३. तत्काल उद्धार तथा पुर्नस्थापनाको लागि बाल हेल्पलाईन १०९८ सेवा संचालन गरिनेछ ।

४. समावेशी र अर्थपूर्ण बाल सहभागीताको सुनिश्चितता गरिनेछ ।

५. बालबालिकाको सर्वोत्तम हित र विकासका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

६. आपतकालिन उद्धार, राहत, पुर्नस्थापना र संरक्षणका लागि बाल उद्धार कोषको स्थापना गरिनेछ ।

७. बाल संरक्षणका सवालमा तथ्यांक संकलन, अद्यावधिक, पहिचान तथा विश्लेषण गरिनेछ ।

८. नगरपालिका स्तरीय बाल प्रोफाइल तयार गरिनेछ ।

९. बाल अधिकारका योजना, बाल संरक्षण नीति तथा कार्यक्रमलाई राष्ट्रिय विकास लक्ष्य प्रक्रियामा मूलप्रवाहीकरण गरिनेछ ।

११. नीतिको कार्यान्वयन

क) **संस्थागत संरचना :** बाल संरक्षण नीति कार्यान्वयनको मुख्य जिम्मेवारी खाँडाचक्र नगरपालिकाको बाल अधिकार समितिको रहनेछ ।

बालबालिकाको सर्वोत्तम हित र अधिकार संरक्षणको लागि नगरपालिका स्तरिय र वडा स्तरिय बाल अधिकार समिति रहनेछ । समितिको संरचना, काम, कर्तव्य, अधिकार र जिम्मेवारी तोकिए बमोजिम हुनेछ ।

ख) **बाल संरक्षण प्रणालीको स्थापना** : बाल संरक्षण नीति कार्यान्वयनको लागि नगरपालिका स्तरिय बाल संरक्षण प्रणालीको विकास र दक्ष जनशक्तिको व्यवस्थापन गरिनेछ ।

ग) **समन्वय र सहकार्य :** नीतिको प्रभावकारी कार्यान्वयन गर्नका लागि संघीय सरकार, प्रादेशिक सरकार, सरोकार मन्त्रालय, प्रदेश स्तरिय बाल अधिकार समिति, राष्ट्रिय बाल अधिकार परिषद, जिल्ला अदालत, स्थानीय तहका बाल अधिकार समिति, वडा स्तरिय बाल अधिकार समिति लगायत बालबालिका सम्बन्धी काम गर्ने स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघसंस्था तथा सरोकारवाला व्यक्तिहरुसँग आवश्यकता अनुसार समन्वय गरिनेछ ।

१२. अनुगमन र मुल्याङ्कन

क) बाल संरक्षण नीतिको कार्यान्वयन तथा बाल संरक्षणका कार्यक्रम अनुगमन र मूल्यांकनको लागि नगरपालिका स्तरमा एक अनुगमन समिति रहनेछ ।

ख) अनुगमन समितिको प्रतिवेदन अनुरुप प्राप्त सुझावहरुलाई कार्यक्रममा सम्बोधन गरिनेछ ।

ग) नागरिक समितिको आँखाबाट हेर्दा प्राप्त भएका सुझावहरु समेतलाई महत्वपूर्ण स्थान दिइनेछ ।

१३. नीति पुनरावलोकन

बाल संरक्षण नीतिलाई समयसापेक्ष बनाउन आवश्यक अनुसार पुनरावलोकन गर्दै लगिनेछ ।

***